**विद्यालयहरुको विज्ञान/ICT ल्याव स्थापना/कम्प्यूटर/फर्निचर /व्यवस्थापन र अन्य खरीद सम्बन्धी अनुदान कार्यक्रमका लागि गरिने**

# सम्झौता फाराम

## आ.व.२०७९/०८०

| |
|---|
| विद्यालयको नाम :- |
| ठेगाना :- |
| खाता नं. :- |
| खातावालाको नाम (चेकमा उल्लेख भए अनुसार) :- |
| बैंकको नाम :- |
| सम्पर्क नं. :- |
| बिद्यालय कोड:- |
| इमेल ठेगानाः- |

अनुदान प्राप्त उप कार्यक्रमहरु :-

१.

२.

प्रदेश सरकार

लुम्विनी प्रदेश

शिक्षा तथा खेलकुद मन्त्रालय

शिक्षा तथा सामाजिक विकास निर्देशनालय

## सामाजिक विकास डिभिजन कार्यालय

गजेहडा, कपिलवस्तु

**शिक्षा तथा सामाजिक विकास निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालय गजेहडा, कपिलवस्तु विद्यालयहरुको विज्ञान/ICT ल्याव स्थापना/बस/कम्प्यूटर/फर्निचर /व्यवस्थापन/अन्य खरीद सम्बन्धी अनुदान कार्यक्रमका लागि गरिने सम्झौता**

आ.व. २०७९/०८० मा शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय,लुम्विनी प्रदेश, मुकाम: वुटवल र सामाजिक विकास डिभिजन **गजेहडा, कपिलवस्तु** द्वारा कार्यान्वयन गरिने **विद्यालयहरुको विज्ञान/ICT ल्याव स्थापना/बस/सवारी साधन/कम्प्यूटर/फर्निचर र अन्य खरीद सम्बन्धी, स्तरीकरण, संचालन र व्यवस्थापन अनुदान कार्यक्रम** अन्तर्गतवजेट शिर्षक नं. को खर्चशिर्षकनं. मा प्राप्त अनुदान रु **विद्यालयहरुको विज्ञान/ICT ल्याव स्थापना/सवारी साधन/कम्प्यूटर/फर्निचर/ व्यवस्थापन र अन्य खरीद सम्बन्धी अनुदान कार्यक्रम** कार्यान्वयनको लागि श्री सामाजिक विकास डिभिजन कार्यालय **गजेहडा, कपिलवस्तु** ( प्रथम पक्ष ) रश्री.............................................................................विद्यालय,......................जिल्ला............................................................गाउँपालिका / नगरपालिका /उप -महानगरपालिका वडा ..................... दोस्रो पक्ष बीच देहायअनुसारको शर्त रहने गरि यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।इति सम्वत २०७९/ / गतेमा शुभम्. . . . . . . . . . . . . . . . . . ।

**(क) प्रथम पक्ष सामाजिक बिकास डिभिजन कार्यालय गजेहडा, कपिलवस्तुले पालन गर्नुपर्ने शर्तहरुः-**

- विद्यालयलाई तोकिएको रकम उपलब्ध गराइ सो सम्बन्धी कार्यको यस कार्यालयबाट नियमित रुपमा अनुगमन गर्नेछ ।
- निर्देशनालय/डिभिजन कार्यालयले सम्बन्धित विद्यालयको नाममा..................................................बैङ्क लि. .........................शाखामा रहेको हिसाव खातानं. ..........................................................मा अनुदान रकमको पहिलो किस्ता ३० प्रतिशत सम्झौता भएपछि र कार्य सम्पन्न अनुगमन प्रतिवेदनपश्चात ७० प्रतिशत रकम गरी जम्मा रकम उपलब्ध गराईनेछ ।
- विद्यालयलाई उपलब्ध गराइएको अनुदान रकमको सदुपयोगको सुनिश्चितता नभएसम्म सामाजिक विकास डिभिजन कार्यालय गजेहडा,कपिलवस्तुवाट पूरा बजेट निकासा दिन बाध्य हुने छैन ।
- विद्यालयले सामाजिक विकास डिभिजन कार्यालय बाट प्राप्त हुने कुल रकममा १० प्रतिशतमा नघटने गरी विद्यालयको योगदान देखिने किसिमबाट कार्य गर्नुपर्नेछ र काम गरेको प्रतिबेदन र आवश्यक वील भरपाई प्राप्त भएपछि मात्र यस कार्यालयले अन्तिम किस्ता रकम विद्यालयको बैक खातामा निकासा दिनेछ ।

**(ख) दोस्रो पक्ष विद्यालयहरुले पालन गर्नुपर्ने शर्तहरु :-**

- विद्यालयको आवश्यकतानुसार विद्यालय व्यवस्थपन समितिको निर्णय गरि तोकिएको उपकरण सामग्री व्यवस्थापन गर्नुपर्नेछ ।साथै प्रयोगशाला सामग्रीहरु राख्नका लागिआवश्यक दराज, र्याक, कुर्ची आदि र प्रयोगशाला कक्षमा बसेर प्रयोगात्मक कार्य गर्न आवश्यक पर्ने ठाउँ सहितको कोठा विद्यालयको तर्फबाट व्यवस्था गर्नुपर्नेछ ।
- विज्ञान/ICT ल्याव स्थापना/स्तरीकरण र संचालन कार्यक्रमसम्बन्धी विज्ञान शिक्षकबाट आवश्यक सूची तयार गरि विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई लागु गर्नुपर्नेछ ।
- प्रयोगशाला स्थापना/स्तरीकरणलाई प्राप्त रकमबाट आवश्यक गणित र विज्ञान विषयका प्रयोगात्मक कार्य तथा नवप्रवर्तनात्मक कामका लागि प्रयोगशाला व्यवस्थापन सामाग्री राख्ने व्यवस्था मिलाउन पर्नेछ ।
- विद्यालयमा खरीद तथा व्यवस्थापन गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गर्नु पर्नेछ यदि सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गरेको नपाईएमा उपलब्ध गराइएको रकम असुल उपर गरिनेछ ।

- विद्यालयले प्राप्त गरेको अनुदान रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि खर्च गर्नुपर्नेछ । अन्य प्रयोजनमा खर्च भएमा खर्च लेख्ने सम्बन्धित विद्यालयका प्र.अ. र वि.व्या.स.अध्यक्षबाट उक्त रकम असुल उपर गरिनेछ । साथै सामाजिक विकास डिभिजन कार्यालय गजेहडा, कपिलवस्तुमा विद्यालयबाट अन्तिम भुक्तानीका लागि पेश भएको सक्कल काजगातहरुको आधारमा काम सम्पन्न भई भुक्तानी भए पश्चात आन्तरिक र अन्तिम लेखापरिक्षण क्रममा कायम हुने बेरुजु फरफरक गर्ने, गराउने प्रयोजनका लागि डिभिजन कार्यालयलाई आवश्यक पर्न गएमा सम्बन्धित विद्यालयको अनुदान रकमको ५ देखि १० प्रतिशतसम्म धरौटी कट्टी गर्न सकिनेछ ।
- विद्यालयले सामाजिक विकास डिभिजन कार्यालयलाई उपलब्ध गराईएको ***स्वःघोषणा पत्रमा*** उल्लेख बुदाँहरु पुर्णपालना गर्नु पर्नेछ । कार्यक्रम सञ्चालनक्रममा कुनै बाधा अड्चन आइपरेमा आपसी सहमतिबाट त्यस्ता वाधा अड्चनहटाइनेछ ।
- विद्यालयले **२०७९ साल गतेभित्र** कार्य सम्पन्न गर्नुपर्नेछ । कार्यक्रम सञ्चालन गर्दा कुनै किसिमको विवाद उत्पादन भएमा सम्बन्धित क्षेत्र प्रदेश सभा सदस्यको समन्वयमा कार्यक्रम प्रभावकारी र फलदायी बनाउन आवश्यकता अनुसार दुवै पक्षबीच आपसी छलफल गर्न सकिने छ । साथै कुनै कारण जनाइ वा नजनाई कार्यक्रम संचालनमा कठिनाई हुन गएमा यो सम्झौता रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
- तोकिएको कार्यबाहेक अन्य कार्यक्रममा खर्च गर्न पाइनेछैन। अन्य कुराको हकमा प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।
- सामग्री खरीदको काम सकेर **२०७९ साल........... गतेभित्र खर्चका विल भरपाई व्यवस्थापन समितिको निर्णय स्थानीय तहको कार्य सम्पन्न भएको सिफारिस अनुदान फछ्र्यौटको लागि विद्यालयको कभरिङ्ग लेटर सहितको फाइल अनिवार्य रुपमा** यस सामाजिक विकास डिभिजन कार्यालय गजेहडा, कपिलवस्तुमा पेश गर्नुपर्नेछ ।

**(ग कबुलियतनामा**

**विज्ञान/ICT ल्याव स्थापना/सवारी साधन/कम्प्यूटर/फर्निचर /व्यवस्थापन र अन्य खरीद सम्बन्धी अनुदान कार्यक्रम** अन्तर्गत शिक्षा तथा सामाजिक विकास निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालयको अनुदान सहयोग प्राप्तिको लागि गरिने कबुलियतनामामा देहाय बमोजिम हुनेछ ।

| सि. नं. | कार्यक्रमको विवरण | संख्या | एकाई | लागत ईस्टीमेट रकम (रु.) जम्मा रकम | साझेदारीमा स्थानीय तह/विद्यालयले योगदान गर्ने | कार्यक्रमको जम्मा अनुदान सहयोग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| **कूल जम्मा** | | | | | | | |

## सम्झौता गर्ने पदाधिकारीहरु

**सामाजिक विकास डिभिजन कार्यालय तर्फबाट**

कार्यालय प्रमुख :–राम करन पाल

हस्ताक्षर :–

इन्जिनियर :–दिपेश घिमिरे

हस्ताक्षर :– निर्देशनालय/डिभिजन कार्यालयको छाप :–

**विद्यालयको तर्फबाट**

अध्यक्ष :–

हस्ताक्षर :–

प्रधानाध्यापक :–

हस्ताक्षर :–

विद्यालयको छाप :–

विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको नामावली ।

| क्र.सं | नाम र थर | पद | मोवाइल नम्बर | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| 4. | | | | |
| 5. | | | | |

**सम्झौता सम्पन्न भएको मिति :- २०७९/ गते ।**

***नोट*** :-यस सम्झौता पत्रमा उल्लेखित विवरणहरुको विद्यालय व्यवस्थापन समितिको बैठकमा समितिका सम्पूर्ण सदस्यहरुलाई जानकारी गराउनु हुन र प्रत्येक पेजमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकले दस्तखत गरी विद्यालयको छाप समेत लगाउनुहुन अनुरोध छ ।